आज मिति २०७६ साल आश्विन १४ गतेका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी निम्न निम्न बमोजिम उपस्थितीमा छलफल गरी निर्णयहरु गरियो

उपस्थिती

(१) प्रमुख श्री गुमान सिंह अर्याल
(२) उपप्रमुख श्री लक्ष्मी देवी अधिकारी
(३) वडा अध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
(४) " " " २ श्री गणेशबहादुर कंडेल खत्री
(५) " " " ३ श्री सूर्य कुमार श्रेष्ठ
(६) " " " ४ श्री लालबिर गुरुङ
(७) " " " ५ श्री बमबहादुर गुरुङ
(८) " " " ६ श्री भोजबहादुर रिमाल
(९) " " " ७ श्री गोबिन्द बस्नेत
(१०) " " " ८ श्री पवित्रा थापा राना
(११) " " " ९ श्री शरद बराल
(१२) " " " १० श्री पूर्ण बहादुर थापा
(१३) " " " ११ श्री अच्युत बाबु कंगाले
(१४) कार्यपालिका सदस्य श्री बिष्णुमाया राना
(१५) " " " श्री मन्दिरा दर्लामी
(१६) " " " श्री देवबहादुर गहतराज
(१७) " " " श्री अजय भण्डारी
(१८) " " " श्री मनमाया गुरुङ
(१९) " " " श्री दोजबहादुर खवास
(२०) " " " श्री कवण नेपाली
(२१) " " " श्री आशा तामाङ
(२२) सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी

सहभागी कर्मचारी

(२३) कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
(२४) अधिकृत श्री इश्वर कमल श्रेष्ठ

*कार्यपालिकाको मिति २०७६ असोज १४ गतेको (४१ औं) बैठकका निर्णयहरु*

**निर्णय नं. १ : एम्बुलेन्स सञ्चालन निर्देशिका तयार गर्ने सम्बन्धमा**

चालु आव २०७६।०७७ मा यस नगरपालिकाबाट खरीद गर्ने प्रक्रियामा रहेको एम्बुलेन्स सञ्चालनको लागि आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने गरी एम्बुलेन्स सन्चालन निर्देशिका तयार गर्ने र सो समितिमा कार्यपालिका सदस्य मध्येबाट श्री अजय मजाकोटी र श्री आशा तामाङलाई सदस्यको रुपमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. २ : प्राविधिकहरुको फिल्डभत्ता सम्बन्धमा**

बेशीसहर नगरपालिकामा कार्यरत इन्जिनियरिङ्ग सेवा तर्फका प्राविधिक कर्मचारीहरु योजनाहरुको लागत इष्टिमेट, अनुगमन तथा मूल्यांकनका लागि स्थलगत रुपमा फिल्डमा खटिइरहनु पर्ने र यसरी खटिए बापत गत बर्ष पनि फिल्ड भत्ता उपलब्ध गराइएकोमा चालु आर्थिक बर्षमा पनि सो भत्तालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३ : योजना कार्यान्वयन उपभोक्ता समिति/ठेक्का पट्टा मार्फत गर्ने सम्बन्धमा ।**

बेशीसहर नगरपालिकाको पाचौ नगरसभाले रु. १० लाख भन्दा ठुला योजना ठेक्का पट्टा मार्फत कार्यान्वयन गर्ने निर्णय गरेकोमा यसमा केही द्विविधा देखिएकोले सम्बन्धित उपभोक्ताहरुको भेलाको निर्णय र वडाको सिफारिश समेतका आधारमा रु. १० लाख सम्मका योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने र रु. १० भन्दा माथिका योजना ठेक्कापट्टा मार्फत गर्ने गरी नगरसभाको निर्णयलाई थप स्पष्ट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : फुटकर योजना तथा कार्यक्रम सम्बन्धमा**

देहाय वमोजिमका योजना तथा कार्यक्रमहरुको लागि देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजना/कार्यक्रम | ठेगाना | विनियोजित रकम रु | शिर्षक/उपशिर्षक |
|---|---|---|---|---|
| १ | खहरे खोला कल्भर्ट निर्माण थप सहयोग | आर्मी क्याम्प जाने बेनपा २ | १५०००० | पूर्वाधार विकास सम्बन्धी फुटकर योजना |
| २ | किरिञ्चे गाई फारम समुहमा चिलिङ भ्याट खरीद लागत साझेदारी सहयोग | बेनपा ४ | २५०००० | पूर्वाधार विकास सम्बन्धी फुटकर योजना |
| ३ | बालबालिकासंग मेयर कार्यक्रम उत्पादन र प्रसारण सहयोग | Institute of Communication Information and Development pvt.Ltd, काठमाण्डौ | १२८९३३ (भ्याट सहित) | पूर्वाधार विकास सम्बन्धी फुटकर योजना |

**निर्णय नं. ५ : मध्य मर्स्याङ्दीक्षेत्रको ढुंगा,गिटी बालुवा ठेक्का संभौताको म्याद थप सम्बन्धमा ।**

नेपाल विद्युत प्राधिकरण मध्य मर्स्याङ्दी जल विद्युत केन्द्रको रिजर्भभ्वायरको माथिल्लो तटीय क्षेत्रबाट बालुवा निकाल्ने व्यवस्थाको लागि बेसीशहर नगरपालिका ७ स्थित बस्नेत निर्माण सेवासंग संभौता भई कार्य हुँदै आएको र सो ठेक्काको संभौता अवधी २०७६ असोज १५ गते समाप्त हुने हुँदा नेपाल विद्युत प्राधिकरण मध्य

मर्स्याङ्दी जल विद्युत केन्द्रले समय थपको लागि अनुमति दिएमा सो ठेक्काको अवधी सोही बमोजिम थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : राष्ट्रिय योजना आयोगको आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौको समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धि मिति २०७६।६।७ गते प्रकाशित सुचनाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा समपुरक तथा विशेष अनुदानतर्फ प्रस्ताव गर्न यदि कुनै योजना उपयुक्त देखिएमा आगामी बैठकमा छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : जग्गा तथा गोदाम भाडाको संम्झौता नविकरण सम्बन्धमा ।**

कृषि सामग्री कम्पनी लिमिटेडको नाममा बेसीशहर नगरपालिका वडा नं ८ सेरास्थित खाली जग्गा तथा गोदाम भाडाको संम्झौताको म्याद २०७६।५।३१ मा समाप्त भएको हुँदा कृषि सामग्री कम्पनी लिमिटेडको मिति २०७६।५।१६ को पत्र समेतका आधारमा साविकको भाडा रकममा २५% ले बृद्धि गरी बार्षिक रु. ८२५००।० - कर बाहेक) मा पुनः २ वर्षका लागि संम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : घरको अभिलेखिकरण सम्बन्धमा ।**

विगतमा यस नगरपालिका क्षेत्रभित्र निर्माण भएका घरहरुको नापी नक्शा जग्गाधनी प्रमाण पुर्जामा उल्लेख भएको क्षेत्रफलभन्दा निर्मित भएको घरले ओगटेको क्षेत्रफल बढी भएको हकमा उक्त जग्गाको साँध संधियारहरुले मन्जुरीनामामा (मुचुल्कामा) सहीछाप भई आएमा र वडा कार्यालयले सिफारिश गरेको खण्डमा घर अभिलेखीकरण गरिदिने साथै हाल कायम रहेको मापदण्ड (खोल्सीको बाढीको केन्द्र रेखाबाट २.५ मिटर भएकोमा) खोल्सीको डिलबाट २.५ मिटर कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : हेयर कटिङ व्यवसाय सुचीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र हेयर कटिङ व्यवसाय सञ्चालन गरिरहेका हेयर कटिङ व्यवसायहरु सुचीकृत गरिदिने निर्णय गरियो ।

**निर्णय नं. १० : सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७६।६।९ च.नं १०७ को प्राप्त पत्रानुसार भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत भूमिहीन दलित परिवारलाई जमीन उपलब्ध गराउने सम्बन्धी कामको सहजीकरणका लागि बेसीशहर नगरपालिकाका आलेप अधिकृत श्री शम्भुप्रसाद घिमिरेलाई सम्पर्क व्यक्ति (Focal Person) को रुपमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : सुचना अधिकारी तोक्ने सम्बन्धमा ।**

यस बेसीशहर नगर कार्यपालिकाको कार्यालयका सूचना प्रविधि अधिकृत श्री मुकेश कुँवरलाई सूचना अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : विजया दशमी २०७६ लगायतका चाडपर्वको शुभकामना सम्बन्धमा ।**

नेपालीहरुको महान् पर्व विजया दशमी, दीपावली, नेपाल सम्वत, छठ तथा ल्होसार लगायतका चाडपर्वहरुको अवसरमा सम्पूर्ण नगरबासीहरुमा सुस्वास्थ्य, दीर्घायू, सुखशान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : राष्ट्रिय योजना आयोगको आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौको समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धि मिति २०७६।६।७ गते प्रकाशित सुचनाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा निम्न योजनाहरुको प्रस्तावना तयार गरी समपुरक तथा विशेष अनुदानतर्फ मार्ग गर्ने निर्णय गरियो ।

निम्न :

| क.सं | योजना/कार्यक्रमको नाम | ठेगाना | कुल ल.ई | योजना सम्पन्न गर्ने अवधी | अनुदानको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धुरपुरे दुईथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक स्तरोन्नति | बेसीशहर नपा वडा नं ९ र ५ | १० करोड ०२ लाख ०४ हजार | ३ वर्ष | समपुरक | |
| २ | भकुण्डे पुरानकोट सडक स्तरोन्नति | बेसीशहर नपा वडा नं २ र ४ | १० करोड ०३ लाख १५ हजार ७२६ | ३ वर्ष | समपुरक | |
| ३ | कर्पुरेश्वर पार्क निर्माण | बेसीशहर नपा वडा नं ८ | २ करोड १३ लाख ६१ हजार ७५१ | २ वर्ष | समपुरक | |
| ४ | बेसीशहर- गाउँशहर ( लमजुङ दरबार) रेलिङ सहितको सिंढी निर्माण | बेसीशहर नपा वडा नं ३ | ३ करोड ७७ लाख ०७ हजार ६१६ | २ वर्ष | समपुरक | |
| ५ | बेसीशहर मकैडाँडा सडक | बेसीशहर नपा वडा नं ७ र ६ | २७ करोड ३३ लाख ५२ हजार ४७९ | ३ वर्ष | समपुरक | |
| ६ | रिठ्ठेबगर भकुण्डे चिती तिलाहार सडक | बेसीशहर नपा वडा नं ११ | १० करोड | ३ वर्ष | समपुरक | |
| ७ | बाल उद्यान निर्माण | बेसीशहर नपा वडा नं ६ | १५ करोड ६३ लाख ०२ हजार ५२४ | ३ वर्ष | विशेष | |